गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः८ संख्याः३ मितिः२०८१/०३/०५

## भाग-२

## गंगादेव गाउँपालिका

# उद्यमशीलता विकास तथा बजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

*प्रमाणीकरण मितिः २०८१/०२/२५*

**प्रस्तावना**

गंगादेव गाउँपालिका भित्रका तालिम प्राप्त जनशक्तिहरुलाई उद्यमशीलता विकास कार्यक्रम मार्फत रोजगारमुलक र उद्यमी बनाई आयबृद्धिमा योगदान पुर्‍याउन तथा दिगो बिकास लक्ष्य अनुरुप दिगो आर्थिक विकास र लैङ्गिक

समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य हासिल गर्न गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागू गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधीको नाम "**उद्यमशीलता विकास तथा बजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१**" रहनेछ।

ख) राजपत्रमा प्रकाशित भए पश्चात यो कार्यविधि लागू हुनेछ ।

## २. परिभाषा र ब्याख्या

क) "**उद्यम**" भन्नाले कुनै उद्योग, लघु उद्यम, सेवा, व्यवसाय वा त्यस्तै प्रकृतिको कुनै उत्पादनमुलक तथा आय आर्जन हुने कार्य सम्झनुपर्दछ ।

ख) "**उद्यमी**" भन्नाले उद्यम सञ्चालन गर्ने व्यक्ति वा समुह सम्झनुपर्छ ।

ग) "**समिति**" भन्नाले दफा ४ बमोजिमको कार्यक्रम संचालन तथा व्यवस्थापन समिति सम्झनुपर्दछ ।

घ) "**अनुगमन समिति**" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनुपर्दछ ।

ङ) "**आर्थिक सहयोग**" भन्नाले गाउँपालिका बाट प्रदान गरिने नगद सहायता वा अनुदान सम्झनुपर्दछ ।

च) "**सूचिकृत**" भन्नाले यस गाउँपालिकामा दर्ता भएका तथा अन्यत्र दर्ता भई गाउँपालिकामा सूचिकृत भएका उद्यम सम्झनुपर्दछ ।

**३. उद्देश्यहरु**

क) गाउँपालिका वा गाउँपालिकामा सुचिकृत भएका गैरसरकारी संघसंस्थाबाट तालिम लिएका जनशक्तिहरुलाई प्रोत्साहनको माध्यमबाट उद्यमी बनाउने।

ख) गाउँपालिकाले हालसम्म तालिम कार्यक्रममा गरेको लगानीलाई रोजगारमुलक तथा उत्पादनमुलक बनाउने।

ग) क्षमता विकासका थप अवसरहरु प्रदान गर्ने ।

घ) रोजगारी अभिबृद्धि र गरिबी निवारणमा टेवा पुर्‍याउने ।

ङ) लैङ्गिक समानता तथा सामाजिक न्याय प्रवर्द्धन गर्ने ।

च) स्थानीय श्रोत र साधनको अधिकतम परिचालन गर्ने ।

छ) गाउँपालिका भित्र उद्यमशील कार्य संस्कृतिको विकास गर्ने ।

ज) उत्पादित बस्तु तथा सेवाको बजार पहुँचमा बृद्धि गर्ने ।

झ) उद्यमीहरुलाई बस्तु तथा सेवा उपलब्ध गराउने

**४. समिति सम्वन्धी ब्यवस्था**

क) उद्यमशीलता विकास कार्यक्रमको नीति निर्देशन गर्न, कार्यक्रम तय गर्न तथा निगरानी र मुल्याङ्कन गर्नको लागि तपसिल बमोजिमको कार्यक्रम संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

१. गाउँपालिका अध्यक्ष -संयोजक

२. गाउँपालिका उपाध्यक्ष -सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

४. सामाजिक विकास समिति संयोजक -सदस्य

५. आर्थिक विकास समिति संयोजक -सदस्य

६. उद्यम विकास शाखा प्रमुख -सदस्य

७. महिला तथा वालवालिका शाखा प्रमुख -सदस्य-सचिव

ख) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ग) समितिको बैठकमा आवश्यकता अनुसार राजनीतिक दलका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**५. कार्यक्रम भित्र समेटिने बिषयहरु**

क) ब्यक्तिगत तथा सामुहिक उद्यम दर्ता, सिफारिस र सूचिकरण ।

ख) सूचिकृत भएका उद्यमीहरुलाई सीप विकासका थप अवसर प्रदान ।

ग) सूचिकृत भएका उद्यमीहरुलाई उद्यमको प्रकृति हेरी नगद आर्थिक सहयोग तथा बस्तुगत सहयोग प्रदान ।

घ) स्थानीय स्रोतसाधनको उपयोग हुने उद्यममा थप आर्थिक सहयोग प्रदान ।

ङ) नाका तथा खोला क्षेत्रका उद्यमीहरुलाई थप आर्थिक सहयोग प्रदान ।

च) अपांगता भएका महिला दलित बर्गका लागि थप आर्थिक सहयोग प्रदान ।

छ) उत्पादित बस्तुको बजारीकरणमा सहयोग कार्यक्रम ।

## ६. लक्षित समूह

कार्यक्रमको लक्षित समूहको रुपमा यस गाउँपालिका भित्र स्थायी बसोबास भई यस गाउँपालिका वा गाउँपालिकामा सुचिकृत भएका गैरसरकारी संघसंस्थाबाट हालसम्म तालिम प्राप्त गरेका जनशक्तिहरुलाई यस कार्यक्रममा समावेश गरिनेछ ।

## ७. कार्यक्रम कार्यान्वयन

क.)उद्यमीले गाउँपालिकाबाट आर्थिक सहयोग प्राप्त गर्नको लागि ब्यक्तिगत वा सामुहिक रुपमा उद्यम दर्ता तथा नविकरण गरेको हुनुपर्नेछ ।

ख)दर्ता भएका उद्यमीले आर्थिक सहयोगका लागि तोकिए बमोजिम गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

आर्थिक सहयोग माग गर्दा सम्वन्धित वडाको सिफारिस संलग्न गर्नुपर्नेछ ।

ग)निवेदन उपर कागजातको जाँच तथा अनुगमन समितिले फिल्ड अध्ययन तथा मुल्याङ्कन गरी प्रतिवेदन समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

घ)ब्यक्तिगत वा सामुहिक रुपमा दर्ता गरी उद्यम सञ्चालन गरेको हुनुपर्नेछ ।

ङ) उद्यमीहरुले आर्थिक सहयोग माग गर्दा तपसिलको शर्त पुरा गरेको हुनुपर्नेछ ।

अ) उद्यमी गंगादेव गाउँपालिका भित्र स्थायी बासिन्दा हुनुपर्नेछ ।

आ) व्यक्तिगत उद्यमीको हकमा निजले गाउँपालिकाबाट तालिम लिएको हुनु पर्नेछ ।

इ) सामुहिक रुपमा उद्यम सञ्चालन गरेकाहरुको हकमा समुहका कम्तिमा ३ जना सदस्यहरुले गाउँपालिका वा गाउँपालिकामा सुचिकृत भएका गैरसरकारी संघसंस्थाबाट तालिम लिएको हुनुपर्नेछ ।

ई)ब्यवसाय सञ्चालन भएको हुनुपर्नेछ ।

**७. आर्थिक सहयोग प्रदान**

क) उद्यमीहरुलाई उद्यमको लगानी तथा प्रकृति हेरी ब्यक्तिगतलाई अधिकतम १ लाख र सामुहिकलाई अधिकतम २ लाख सम्म नगद आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

ख) माथि जुनसुकै कुरा उल्लेख भएतापनी स्थानीय कच्चा पदार्थ २५ प्रतिशत वा सो भन्दा कम उपयोग गर्नेलाई तोकीएको रकमको अधिकतम ५० प्रतिशत सम्म मात्र उपलब्ध गराईनेछ।

ग) आर्थिक सहयोग रकम प्राप्त गर्न निवेदन पेश गर्नु भन्दा कम्तिमा १ बर्ष अगाडि उद्यम दर्ता भई सञ्चालन भएको हुनु पर्नेछ ।

घ) त्यस्तो आर्थिक सहयोग उद्यम निरन्तर रुपमा सञ्चालन भएमा लगातार दोश्रो बर्ष पनि उपलब्ध गराईनेछ।

तर दोश्रो बर्षमा तोकिएको रकमको अधिकतम ५० प्रतिशत मात्र उपलब्ध गराईनेछ र दफा ७(ख) बमोजिम प्राप्त गर्नेलाई एकपटक मात्र उपलब्ध गराईनेछ ।

ङ) बजारीकरण सहयोगको लागि उत्पादित बस्तुको बजारमूल्य बराबरको रकमको बढीमा १० प्रतिशत सम्म प्रोत्साहन स्वरुप उपलब्ध गराउन सकिनेछ ।

च) कुनै उद्यमीलाई उद्यम सञ्चालनको क्रममा कुनै मेसिनरी औजार तथा कच्चा पदार्थ आवश्यक परेमा समितिको निर्यणबाट त्यस्तो बस्तुगत सहयोग गाउँपालिकाले खरिद गरि प्रदान गर्न सक्नेछ ।

## ८. विविध

क) कार्यक्रम कार्यान्वयन हुनु पूर्व गाउँपालिकाले सूचना आह्वान गर्नेछ ।

ख) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा भएमा समितिको बैठकले त्यस्तो बाधा फुकाउन सक्नेछ ।

ग) यो कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

आज्ञाले

दुर्गबहादुर ओली

प्रमुख प्रशासकीय अधिकृत